वैशाख ९ बाट एसइई परीक्षा । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-३१ ● २०७८ फागुन ०२ गते सोमबार, ● 14 Feb. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




# आहा ! बन्दै थाहा

## जनप्रतिनीधि समिक्षा

विकास संवाददाता
थाहानगर

मुलुक संघीय संरचनामा गइसकेपछि २०७४ सालमा भएको निर्वाचनबाट जब जनप्रतिनिधिहरू निर्वाचित भएर आए, त्यतिखेर एकतले प्रशासनिक भवन थियो । वडागत विभाजन भए तापनि वडामा कुनै संरचना नै थिएनन् । मेयर र उपमेयरले प्रशासनिक भवनको एउटा कोठा बारेर कार्य सञ्चालन सुरू गरे । यो कुरा हो मकवानपुरको थाहा नगरपालिकाको । सुन्दै अचम्मित हुने गरी अहिले इन्द्रायणीचौरमा पाँचतले प्रशासनिक भवन निर्माण भएको छ । प्रशासनिक भवन पुग्न नि वरै गाडी राखेर पिँडुलासम्म मोता सारेर जानूपर्थ्यो अहिले बाटो पनि पिच भएको छ । सबै वडा कार्यालयहरू पनि निर्माण सम्पन्न गरी वडाबाट सहज सेवा सुरू भएको छ । 'त्यतिखेर हामी यति धेरै आवश्यकताहरूका बीचमा थियौं कि त्यसअघि कुनै सरकार छँदै थिएन भन्ने आभास हुन्थ्यो । बिस्तारै नागरिकका आवश्यकतालाई प्राथमिकताका आधारमा धेरै पूरा गरिसकेका छौं ।' थाहा नगरपालिकाका मेयर लवशेर विष्टले भने ।

नगरपालिकाले पूर्वाधार विकासतर्फ दुईवटा मोटरेबल पुल निर्माण सम्पन्न गर्ने क्रममा रहेको छ । वैशाखसम्म सम्पन्न भएर उद्घाटन हुने बताइएको छ । आग्राको चल्तीसम्म जोडिने बाटाको निम्ति पुल निर्माण सम्पन्न हुने चरणमा छ । त्यसैगरी वडा नम्बर ३ बाट वडा नम्बर २ जाने बाटोको घर्तीखोलामा करिब ८ करोडको लागतमा पुल निर्माण सम्पन्न हुँदैछ । अरू दुईवटा ठूला पुलहरू पनि स्वीकृत भई डीपीआर तयार हुने क्रममा छन् । दामन डाँडाबास सडकको घर्तीखोलामा र वडा नम्बर ५ को तसरमा मोटरेबल पुल बनाउन स्वीकृत भएको छ । यसै आर्थिक वर्षभित्र निर्माण सुरू हुने मेयर विष्ट बताउँछन् ।

कुन्छाल–कुलेखानी सडक जुन २०३३ सालमा कुलेखानी जलाशय बनाउनका लागि सहायक राजमार्गको रूपमा विकास भएको थियो, उक्त सडक वर्षौंदेखि अलपत्र अवस्थामा रहेको थियो । अहिले सहरी विकास कार्यालयसँग समन्वय गरी कुन्छालबाट टौखेलसम्म १० किलोमिटर स्तरीकरण गरी पिच गर्न ३० करोड लागत अनुमानसहित डीपीआर भई काम सुरू भइसकेको छ । गत वर्ष १० करोड रूपैयाँ स्वीकृत भई ३ किलोमिटर बाटो पिच भइसकेको छ । यस वर्ष पनि १५–२० करोडको बजेट प्राप्त हुने आश्वासन प्राप्त भएको विष्टको भनाइ छ । यसै वर्ष त्यो सडक पूरा पिच हुनेमा उनी विश्वस्त छन् ।

'हामी आएपछि हरेक वडामा ५ किलोमिटर सडक पिच गर्ने योजना बनाएर अघि बढेका थियौं । १२ वटा वडामा ६० किलोमिटर बाटो पिच गर्ने हाम्रो लक्ष्य थियो । त्यसमध्ये धेरै वडामा बाटो पिच भएको छ,' मेयर विष्टले भने । जनप्रतिनिधि निर्वाचित भएर आएको तेस्रो वर्षदेखि कोरोना महामारी सुरू भएकाले महामारी रोकथाममै आफूहरू केन्द्रित हुनुपरेको उनले सुनाए । त्यसमा धेरै लगानी पनि गर्नुपरेकाले अन्य विकास निर्माणका कामहरू केही प्रभावित भएको नगर प्रमुख स्विकार्छन् । स्वास्थ्य क्षेत्रको विकासमा पनि धेरै काम भएका छन् । वडा नम्बर ३ बाहेक अन्य ११ वटै वडामा स्वास्थ्य संस्था निर्माण गरी सेवा प्रवाह भैरहेको छ ।वडा नम्बर ३ र ४ को बीच भागमा प्राथमिक स्वास्थ्य केन्द्र पालुङलाई स्तरोन्नति गरी १५ शैय्याको प्रस्तावित अस्पताल सञ्चालनमा छ । प्रस्तावित अस्पतालमा विभिन्न जाँचका लागि प्रयोगशाला ल्याब, आधुनिक एक्सरे मेसिन जडान गरिएको छ ।

त्यसैगरी स्थायी अस्पतालका निम्ति १२ करोड १५ लाख रूपैयाँको लागतमा सम्झौता भई काम भइरहेको छ । अबको करिब एक वर्षभित्र १५ शैय्याको स्थायी अस्पताल संरचना तयार हुने बताइन्छ । कोरोना महामारीमा अक्सिजनको अभावका कारण धेरैले ज्यान गुमाएका कारण अक्सिजन प्लान्ट निर्माणका लागि नगरपालिकाले ५५ लाख रूपैयाँ छुट्ट्याएका थियो । 'त्यो रकमले प्लान्ट स्थापना गर्न बजेट नपुग्ने भएका कारणले हामीले स्वास्थ्य मन्त्रालयसँग अनुरोध गऱ्यौं । स्वास्थ्यमन्त्री विरोध खतिवडाले १ करोड रूपैयाँ बजेट स्वीकृत गर्न तोक लगाइदिनुभएको छ । अबको केही दिनमा उक्त बजेट स्वीकृत भएर आउने विश्वास लिएका छौं,' मेयर विष्टले सुनाए ।

अक्सिजन प्लान्ट निर्माण गर्न अब छिट्टै एक हप्ताभित्र १ करोड ६५ लाख रूपैयाँको ठेक्का लगाउने तयारी छ । अक्सिजन प्लान्ट भवन निर्माण गर्न प्रदेशको स्वास्थ्य मन्त्रालयबाट १२ लाख रूपैयाँ पनि विनियोजन भइसकेको छ । अक्सिजन उत्पादन सुरू भएपछि नियमित अक्सिजन लगाउनुपर्ने दमका बिरामीहरूलाई निःशुल्क अक्सिजन पनि उपलब्ध गराउने नगरपालिकाले योजना बनाएको छ । आग्रा स्वास्थ्यचौकी, पालुङ प्राथमिक स्वास्थ्य केन्द्र बज्रबाराही स्वास्थ्य केन्द्र र टिस्टुङमा ल्याब सञ्चालनमा आइसकेको छ ।

शिक्षा क्षेत्रमा पनि सुधारका प्रयासहरू भएका छन् । सामुदायिक विद्यालयप्रति विद्यार्थीको आकर्षण घट्दै गइरहेको अवस्थामा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षकहरूसँग धेरै चरणमा छलफलहरू गरिएको छ । विद्यार्थीको सिकाइस्तर वृद्धिका लागि धेरै काम गरेको मेयर विष्टको दाबी छ । 'बिस्तारै शिक्षा क्षेत्रमा सुधार हुँदै आएको छ । यो सुधार एकैचोटी देखिने कुरा होइन । कोरोना महामारीका कारण विद्यालय बन्द हुँदा त्यत्तिकै समस्या भएको छ,' विष्टले भने । यस अवधिमा करिब ४० वटा शैक्षिक संस्थाका भवनहरू बनिसकेका छन् ।

नगरमा खानेपानीको पनि निकै समस्या थियो । २०७२ सालको भूकम्पपछि पानीका मुहानहरू सुकेर जाँदा धेरै जनसमुदायले खानेपानीको असुविधा भोग्दै आएका थिए । १० नम्बर वडाका करिब ६ सय घरधुरी खानेपानी सुविधाबाट वञ्चित भएका थिए । गैरसरकारी संस्थासँग मिलेर २ करोड ५६ लाख रूपैयाँको योजना सञ्चालन गरी डिप बोरिङमार्फत पानी निकालेर घरघरमा खानेपानी सुविधा पुऱ्याइएको छ । वडा नम्बर ६ को बज्रबाराहीमा पनि करिब ५ सय घरधुरीलाई खानेपानी सेवा पुऱ्याइएको छ । वडा नम्बर ७, जहाँ पानीको अत्यन्त संकट थियो, त्यहाँ करिब ६ करोड रूपैयाँ लागतमा लिफ्टिङ खानेपानी योजना कार्यान्वयन भइरहेको छ । त्यो पनि सम्पन्नको चरणमा पुगेको छ । त्यसमा प्रदेश सरकारको ७० लाख, जिल्ला समन्वय समितिको डेढ करोड रूपैयाँ र बाँकी रकम च्वाइस नेपाल संस्थाले हालिदिएको छ ।

त्यसैगरी आग्राको दामगाडे खानेपानी आयोजना पनि निर्माणाधीन छ । करिब १ करोड ९० लाख रूपैयाँ लागतमा उक्त आयोजना निर्माण भइरहेको छ । यि लगायत थुप्रे विकाका काम यहिँ अवधिमा भएको छ ।




नगर प्रमुख लवशेर विष्ट

# माओवादी थाहानगर अध्यक्षमा लामा

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र थाहा नगरपालिकाको लामो समयदेखि रिक्त अध्यक्ष पद निर्वाचन पद्धतिबाट पुर्ति भएको छ ।

माओवादीको थाहानगर सम्मेलनबाट कमिटीको पदाधिकारी टुंगो लगाउन नसकेपछि सदस्यमात्रै चयन गरेर छोडिएकोमा २९ माघमा भएको अध्यक्ष पदको निर्वाचन भएको हो ।

निर्वाचनबाट अध्यक्ष पदका प्रत्यासी विनोदकुमार लामा थिङ निर्वाचित भएको निर्वाचन मण्डलका संयोजक बिमलकुमार बिष्टले जानकारी दिए । पालुङ जेसीजको



हलमा भएको निर्वाचनमा माओवादी नगर कमिटीका ५९ जना सदस्यहरूले मतदान गरेका थिए । अध्यक्ष पदका विजयी थिङले ३१ मत प्राप्त गरेका थिए भने अर्का प्रत्यासी अरूण रायमाझीलाई २८ सदस्यहरूले मत दिएका थिए ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## पर्यावरण जोगाउन जुटौं

दिनदिनै पर्यावरणीय अवस्था खस्कँदै गएको छ । केहीसमय अघि प्रकाशित नेचर जर्नलको 'क्लाइमेट एण्ड एट्मोस्फेयरिक साइन्स'मा उल्लेख भएअनुसार दुई हजार वर्षमा बनेको हिउँ जलवायु परिवर्तनका कारण तीस वर्षमै पग्लिएर सकिन थालेको छ । सन् ९० को दशकयता बढेको हिउँ पग्लने क्रम हरेक वर्ष बढ्दै गएको छ । यो हिमनदीमा पहिलो हिउँ जम्न लागेको समयभन्दा पग्लिने गति ८० गुणा बढी छ । यसरी तीव्र गतिमा पग्लिनुमा तापक्रम वृद्धि र अन्य मानवीय गतिविधि कारण रहेको विज्ञहरूले औल्याएका छन् । हिमनदी छिटो पग्लिँदा नयाँ ताल बन्ने सम्भावना हुन्छ भने यसले बाढीको जोखिम निम्त्याउँछ । त्यसैले अहिले भएको हिमताल फूट्ने जोखिम बढ्दो छ भने थप हिमताल थपिए भने त्यसबाट तटीय क्षेत्रमा हुने क्षति अकल्पनीय हुनसक्छ । त्यस्तै मरुभूमिमा हिउँ परेको अर्को समाचारले पनि विश्वलाई चिन्तित बनाएको छ । सहारा मरुभूमिमा यो वर्ष हिमपात भएको छ । सहारा मरुभूमिको न्यूनतम तापक्रम माइनस २ डिग्री सेल्सियस पुग्दा हिमपात भएको हो । एकातिर हिमालको तापक्रम बढ्दै गएको देखिन्छ भने अर्कोतिर मरुभूमिमा तापक्रम माइनसमा झरेको छ । यी जलवायु परिवर्तनका कारण सिर्जना भएका देखिने र आम मानिसले सजिलै बुझ्ने घटना हुन् ।

हिमालमा गर्मी बढ्नु र मरुभूमिमा चिसो बढ्नु जलवायु परिवर्तनले सिर्जना गरेका अस्वभाविक घटना हुन् । यसबाट बाँकी पृथ्वीको अवस्था कस्तो छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । जलवायु परिवर्तन विश्वको गम्भीर समस्याको रुपमा देखिन थालेको छ । खासगरी औद्योगिक विकाससँगै पूँजीवादी मुलुकहरुले गरेको प्राकृतिक स्रोत साधनको अत्यधिक दोहन र कार्बन उत्सर्जनका कारण बढ्दै गएको हरित ग्याँस पृथ्वीमा ठूलो समस्याको रुपमा देखिन थालेको छ । पृथ्वीमा बढ्दो कार्बन उत्सर्जनका कारण परावैजनिक किरणलाई रोक्ने ओजोन तह कमजोर हुँदैछ भने गर्मीमा प्रकाश तानेर शीतलता दिने तथा चिसोमा ब्याकपको रुपमा न्यानोपन दिने प्राकृतिक ग्याँस नष्ट हुँदैछ । यसले गर्मीमा अति गर्मी र चिसोमा अति चिसो बढ्दै गएको छ । जसका कारण हिमालमा हिउँ पग्ने गरी गर्मी र मरुभूमिमा हिमपात हुने गरी चिसोको मात्रा बढिरहेको छ । बढ्दो जनसंख्या र मानवीय उच्छृंखलताका वातावरण प्रदूषण बढिरहेको छ भने वातावरण संरक्षणको दायित्व झन् बढिरहेको छ । हामीले मानव र वातावरणबीचको सम्बन्ध तीन हिसाबले हेर्न सक्छौं । शुरुको चरण हेर्दा मानवसहित सबै जीवजन्तु र वनस्पति वातावरणकै उपज हुन् । अन्य ग्रहमा जीवजन्तु र वनस्पति संभव नभएर पृथ्वीमै संभव भयो किनकि भने पृथ्वीको वातावरणमा मात्रै जीवन संभव भयो । दोस्रो चरण हेर्‍यौं भने मानव जातिले वातावरणमाथि निकृष्ट प्रकारको शोषण गर्‍यो ।

प्राकृतिक सम्पदाको डरलाग्दो दोहनपछि प्रकृतिले पनि मानवमाथि बदला लिन थाल्यो । प्राकृतिक प्रकोप, महामारीलगायत ठूलाठूला मानवीय संकटहरु वातावरण विनाशकै कारण थिए र हुन् । यसपछि मानवमा केही चेत पलायो र वातावरण संरक्षणका लागि पहलहरु थालिए । वातावरण संरक्षणको विश्वब्यापी अभियान त्यसकै पछिल्लो प्रयास हो र जसलाई अहिलेको भन्दा कैयौं गुणा बढी बढाएर लैजान जरुरी छ

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# किन सुधार हुँदैन बजेट खर्च प्रक्रिया



*हरिबोल काफ्ले*

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको व्यवस्थाअनुरूप बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनअनुसार सरकारको बजेट खर्चको क्षमतामा कमजोर छ भने पूर्वाधारहरूको विकास अपेक्षित रूपमा हुन सकेको छैन । खर्च गर्ने क्षमता विकासका लागि भएका प्रयास अपर्याप्त छन् र बजेटबाहिर गएर थप रकम माग्ने प्रवृत्ति पनि डरलाग्दो बन्दै गएको छ । बजेट प्रणालीलाई प्रभावकारी बनाउने अभिप्रायले नेपालको संविधानले नै सरकारका लागि वार्षिक बजेट सार्वजनिक गर्ने मितिसम्मको सुनिश्चितता गरेको छ । त्यसैगरी अन्य विभिन्न कानूनहरूले बजेट निर्माणको प्रक्रिया एवं त्यसका आधारहरूको सम्बन्धमा व्यवस्थाहरू गरेको छ । आवधिक योजना देखि मध्यकालीन खर्च संरचना एवं वार्षिक विकास कार्यक्रमलाई समेत दृष्टिगत गरी राजस्व तथा व्ययको अनुमान गर्नुपर्ने हुन्छ । त्यसैगरी बजेट प्रक्षेपणलाई रणनीतिक स्तम्भ, प्राथमिकता क्रम, दिगो विकासका लक्ष्यहरू, लैंगिक संकेतहरू, जलवायु संकेतलगायत क्षेत्रगत र उपक्षेत्रगत विषयहरूमा समेत विभक्त गर्नुपर्ने हुन्छ । यसअर्थमा बजेट तर्जुमाका सम्पूर्ण प्रक्रियाले बजेटको प्रभावकारिता, मितव्ययिता एवं सान्दर्भिकतालाई पुष्टि गर्न खोजेको छ ।

पछिल्लो समय सरकारी निकायहरूमा बजेट कार्यान्वयनका सन्दर्भमा विभिन्न प्रकारका बेथिति बढ्दै गएको छ । निर्धारित मिति अर्थात् जेठ १५ मा सरकारले ल्याएको बजेट कार्यक्रममा उल्लिखित रकम खर्च गर्न छाडेर अन्यत्र शीर्षकमा बजेट माग्ने नियतले समग्र बजेटको प्रभावकारितामा धेरै ह्रास आएको देखिन्छ । चालू आर्थिक वर्ष (आव) को ७ महीना बित्दा पूँजीगत खर्च १६ प्रतिशत नाघेको छैन भने अधिकांश निकायले बजेट प्रक्रियाभन्दा बाहिर गएर करीब रू.२ खर्ब १६ अर्बभन्दा बढी माग गरेका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २८ अर्ब ४५ करोड बजेटबाहिर गएर माग गरेको छ भने मन्त्रालयको विनियोजित बजेटअनुसार १७ प्रतिशत मात्र रकम खर्च गरेको छ । त्यसैगरी कृषि तथा पशुपन्छी मन्त्रालय, रक्षा, शहरी विकास मन्त्रालय, सञ्चार मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा, राष्ट्रिय योजना आयोग, पर्यटन मन्त्रालय लगायतको कुल पूँजीगततर्फको खर्च अहिलेसम्म १५ देखि २२ प्रतिशतको अनुपातमा गरेको देखिन्छ । ऊर्जा मन्त्रालयले विनियोजन बजेटभन्दा बाहिर गएर ५९ अर्बभन्दा बढी माग गरेको छ भने यो मन्त्रालयको पूजीगत खर्च १७ प्रतिशत मात्र भएको देखिन्छ ।

साथै सरकारले आगामी वैशाख ३० मा स्थानीय तहको चुनाव घोषणा गरेकाले उक्त चुनाव सम्पन्न गर्न समेत १२ अर्ब खर्च निर्वाचन आयोगले माग गरेको छ । त्यसैगरी गृह मन्त्रालयले समेत स्थानीय तह निर्वाचन प्रयोजनार्थ सुरक्षाका लागि साढे १९ अर्ब रूपैयाँ माग गरेको छ । गृह मन्त्रालयले अन्य प्रयोजनका लागि समेत १ अर्ब ५० करोड रूपैयाँ थप माग गरेको छ । एकातिर बजेटमा रहेका कार्यक्रमहरूमा रकम खर्च नगर्ने तर विनियोजनभन्दा बाहिर गएर रकम माग्ने प्रवृत्ति एक अर्थमा बजेट प्रणालीमा आएको ठूलो बेथिति हो। पछिल्लो समय सरकारले समेत बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनमार्फत वार्षिक बजेटमा करीब ८७ अर्बले कटौती गरेको छ ।

चालू वर्षको वार्षिक बजेट पूर्ववर्ती सरकारले अध्यादेशमार्फत ल्याएको थियो भने वर्तमान सरकारले त्यसमा पनि संशोधन गरेर १६ खर्ब ३२ अर्ब ८३ करोड कायम गरेको थियो । यद्यपि नेपालमा देखिएका बजेट प्रणालीका उल्लिखित व्यथितिहरू नयाँ भने होइनन् । गतवर्षसमेत प्रधानमन्त्रीमार्फत मन्त्रालयका सचिवस्तरमा कार्यसम्पादन सम्झौतासमेत लागू भई काम गर्ने निर्देशन दिइएको थियो । उपर्युक्त सन्दर्भमा समेत सम्बद्ध निकायहरूको खर्च प्रणालीमा अपेक्षित प्रगति भएको थिएन । कतिपय सन्दर्भमा विभिन्न विकास पूर्वाधारहरूमा आवश्यक बजेट नपुगेर काम रोकिएको भन्ने तथ्यहरू समेत बेलाबखत सार्वजनिक भइरहेको हुन्छ । एकातिर बजेट नै खर्च नगर्ने अर्कातर्फ बजेट नपुगेर काम रोकिएको विषयहरू दुवै बजेट प्रणाली भित्रका कमजोरी हुन् । मूलतः व्यक्तिगत एवं संगठनात्मक नियत, अटेरीपना वा कमजोर कार्यक्षमताका कारणले बजेटमाथिको बेथिति डरलाग्दो बन्दै गएको देखिन्छ ।

विशेषतः ठूला आयोजनाहरूका लागि पर्याप्त स्रोतको सुनिश्चित नभई ससानो आकारमा पपुलर बजेटतर्फ प्रायः राजनीतिक दलहरू अग्रसर हुने परिपाटी विद्यमान छ । त्यसैगरी ठूला योजनाका लागि पर्याप्त ठूलो पूँजीको जोहो नगरी तत्काल काम शुरू गर्ने परिपाटीको पनि अर्कातर्फ यथावत् रहेको छ । यो सन्दर्भमा सीमित रूपमा उपलब्ध बजेटको खर्चलाई आदर्शतम उपयोग गरी काम गर्ने परिस्थिति समेत प्राप्त नहुनुले पूर्वाधार विकासमा धेरै उल्झन थपिँदै गएको अनुभूति हुन्छ । पूर्वाधारको विकासको गतिशीलताका लागि बजेटको स्रोतको सुनिश्चिततासहित सम्पूर्ण बजेटको प्रभावकारिता कार्यान्वयन महत्वपूर्ण हुन्छ । खर्चले गर्न नसक्ने परिस्थितिले गर्दा समेत सरकारको आम्दानी वा स्रोत खुम्चिँदै जाने अवस्थासमेत सृजना हुने अवस्था देखिएको छ । नेपाल सरकारले प्राप्त गर्ने कतिपय द्विपक्षीय वा बहुपक्षीय ऋण र अनुदान समेत खर्च गरेर शोधभर्ना प्राप्त गर्ने प्रकृतिका हुन्छन् । यसर्थ खर्च नहुने अवस्थामा त्यस्ता द्विपक्षीय वा बहुपक्षीय ऋण र अनुदान प्राप्त नहुनुले समग्र वित्तीय र मौद्रिक सन्तुलनमा समेत त्यसको प्रभाव परिरहेको छ ।

अर्कातिर नेपालको समस्याका रूपमा साना वा ठूला सबै आयोजनामा आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गरेर बजेट सक्ने बेथिति निम्तिएको छ । यस्तो अभ्यास वा बेथिति पनि बजेट व्यवस्थापनभित्रको कमजोरी र गुणस्तरीय पूर्वाधार विकासका प्रतिको अनुत्तरदायी प्रवृत्ति हो । अन्तिम समयमा हतारमा काम गर्ने प्रवृत्तिको परिणाम वा गुणस्तर अपेक्षाकृत हुँदैन जसले गर्दा नागरिकप्रति यो बजेट वा सरकारको विश्वासनीयता गुम्ने परिस्थिति आइरहेको छ । पूर्वाधारमा विकासमा बजेटको खर्च प्रणालीमा सुधारका लागि सरकारका निकायहरू जवाफदेही र जनउत्तरदायी हुनु आवश्यक हुन्छ । पूर्वाधार विकासलाई प्रभावकारी बनाई पूजीगततर्फको बजेटको पूर्ण कार्यान्वयनका लागि सबै जनप्रतिनिधि, कर्मचारीहरू, निर्माण व्यवसायी र नागरिकको समेतको क्षमता र चासो अभिवृद्धि सुनिश्चित गर्न जरूरी छ ।

नेपालको सन्दर्भमा पूर्वाधार विकासले अपेक्षाकृत गति लिन नसक्नुमा विभिन्न स्वार्थ समूहहरूको द्वन्द्व र बेमेल रहेको स्पष्ट देखिन्छ । राजनीतिक सिद्धान्तदेखि व्यक्तिगत स्वार्थले समेत कतिपय परिस्थिति थप गिजोलिने गरेको छ । परियोजना वा विकास निर्माणमा समेत नयाँ सरकारहरू बन्दै गएको सन्दर्भमा पुरानो आयोजनालाई पूर्वाग्रहको दृष्टिले हेर्ने प्रचलन छ । चालू परियोजना वा विकास निर्माणलाई अर्को सरकारले पनि अविच्छिन्न दायित्वका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ । सरकार परिवर्तनसँगै परियोजनाको उच्च नेतृत्वदेखि साझेदारहरू समेत अदलबदल गर्ने कामले दुई वा त्यसभन्दा बढी स्वार्थ समूहहरूको प्रवेश हुने परिस्थिति निर्माण हुने गरेको छ । यस्ता कार्यहरूले बजेटको प्रभावकारितामा ह्रास आउने र खर्चमा पनि बेथिति मौलाउने गरेको छ । तसर्थ नेतृत्वदेखि साझेदारहरूलाई सम्म परियोजना निर्माणमा अविच्छिन्न संलग्न गराउने र परिचालन गर्ने क्षमता सरकारले राख्नु आवश्यक हुन्छ ।

नेपालमा पूर्वाधार निर्माणको काम यथेष्ट रूपमा हुन सकेको छैन र यस भित्रका उल्झनहरू कतिपय अक्षम्य देखिन्छन् । पूर्वाधार निर्माणको काम आजसम्मका व्यवस्थाभित्रका नेतृत्व वर्गले जनअपेक्षा अनुसार पूरा गर्न सकेका छैनन् । राज्यको पुनःसंरचनासँगै मुलुकमा तीनको सरकार निर्माण भएर पनि एउटा कार्यकाल पूरा हुन लागेको अवस्था छ । तर, बजेट कार्यान्वयनको समस्या केन्द्रदेखि प्रदेश हुँदै स्थानीय तहसम्मका सरकारहरूमा देखिएको छ र बेथिति समान रूपमा मौलाएको छ । राज्यको नयाँ पुनःसंरचनापछिको पहिलो ५० वर्षमा स्थानीय सरकारले पूर्वाधार विकास भनेको सडक भन्ने भ्रम राखेर डाँडाकाँडा डोजरले कोर्तने काममा मात्र सीमित भएको छ । त्यसैगरी प्रदेश तहको सरकारको कार्यसम्पादनमा देखिने गरी कुनै पूर्वाधार खडा भएको छैन भने आफ्नै कार्यालयहरू समेत भाडाका घरमा सञ्चालन गर्न बाध्य छन् । तसर्थ अबका दिन उल्लिखित दृष्टान्तहरूलाई दृष्टिगत गरी पूर्वाधार विकासलाई जनअपेक्षा, मानवीय जीवन, प्रकृतिमैत्री र आवश्यकता परिपूर्तिको आधारमा जोड्नु आवश्यक छ । बजेटमाथिको बेथिति अन्त्यका लागि सरकारहरू जनउत्तरदायी हनुपर्ने र जनस्तरबाट समेत नियमित खबरदारी हुनु अति आवश्यक छ ।

(लेखक: आर्थिक विकास तथा अनुसन्धान केन्द्रका निर्देशक हुन् ।)

# महिलाहरूमा किन बढ्दैछ कपाल झर्ने समस्या ?

**डा. रूपक घिमिरे**



अहिले कपाल झर्ने एउटा साझा समस्या बनेको छ । विभिन्न कारणले पछिल्लो समय पुरूषको मात्रै नभएर महिलाहरूमा समेत कपाल झर्ने समस्या बढ्दै गएको देखिन्छ ।

पुरूषमध्ये पनि आधाभन्दा धेरैमा यस्तो समस्या देखिएको चिकित्सक बताउँछन् । महिलाहरूमा यो समस्या कम भएपनि अस्वस्थ जीवनशैली र खानपानका कारण पछिल्लो समय कपाल झर्ने समस्या बढ्दै गएको छ ।

छाला तथा यौनरोग विशेषज्ञ एवं कपाल प्रत्यारोपण सर्जन डा. रूपक घिमिरे ५० देखि ६० प्रतिशत पुरूषमा कपाल झर्ने समस्या देखिने गरेको बताउँछन् । महिलाहरूमा पनि झण्डै १० प्रतिशतमा यस्तो समस्या देखिन्छ । महिलाहरूमा देखिएको यो समस्या 'डाइटिङ' र 'वेटलस'का कारणले पनि भएको डा. घिमिरे बताउँछन् । त्यस्तै महिलाको हर्मोन, भिटामिन डीको कमी आदि कारणले पनि कपाल झर्ने समस्या बढेको उनको भनाइ छ ।

सामान्यतया पुरुषको कपाल निधारपट्टिबाट झर्दै टाउकोको बीचमा रहेको भूमरीतिर पुग्छ । कपाल झर्ने समस्या मुख्यतः दुई कारणले हुन्छ, एउटा वंशाणुगत कारण र अर्को 'एन्ड्रोजेनेटिक एलोपेसिया'को कारण । साधारण भाषामा भन्दा टेस्टेट्रोन भन्ने हर्मोनको कारण मानिसमा कपाल झर्ने समस्या देखिन्छ । अहिले १५-१६ वर्षका किशोरहरूमा समेत कपाल झर्ने समस्या देखिने गरेको छ ।

डा. घिमिरे पछिल्लो समय कपाल झर्ने समस्या लिएर अस्पताल वा क्लिनिकमा आउनेको संख्या बढिरहेको बताउँछन् । तर समस्या नै बढेर हो वा सचेतना बढेर यस्तो भएको हो ? भन्नेमा भने अध्ययन गर्न बाँकी रहेको उनी बताउँछन् । सामाजिक सञ्जाललगायतको प्रयोगले पनि मानिसहरूमा सचेतना बढेका कारण पनि यस्तो समस्या लिएर आउनेहरू बढेको हुनसक्छ ।

अहिले कोरोना महामारीका कारण पनि कपाल झर्ने समस्या बढेको डा. घिमिरे बताउँछन् । सामान्य अवस्थामा दैनिक टाउकोबाट सयवटा जति कपालको रौं झर्नु सामान्य मानिन्छ । तर कोरोनाका कारण कपाल झर्ने दरलाई बढ्दै गएको देखिएको छ ।

तातोपानीले नुहाउँदा कपाल झर्छ भन्ने आम मान्यता छ । चर्चित अभिनेता सरोज खनाल पनि आफ्नो बाक्लो कपालको राज तातोपानीले ननुहाउनु नै रहेको बताउँछन् । कुराकानीमा खनालले हप्तामा बढीमा दुई पटक स्याम्पु प्रयोग गर्ने र घाँटीभन्दा माथि तातोपानी प्रयोग नगर्ने गरेको बताए ।

डा. घिमिरे पनि तातोपानी टाउकोको लागि सुरक्षित नभएको बताउँछन् । तातोपानीले नुहाउँदा कपाल नै झर्ने नभएपनि कपाल टुक्रिने समस्या भने हुन्छ । त्यसैले कपाल झर्न नदिन जाडोमा तातोपानीको सट्टा मन्द तातोपानीले मात्रै नुहाउन उनी सुझाउँछन् ।

जसरी घाँसपातलाई पातलो हुँदै गएमा मलजल गरिन्छ र पूर्ण रूपमा मऱ्यो भने त्यसलाई पुनः रोप्नुपर्ने हुन्छ । त्यसरी नै कपाल पनि पातलो हुँदै गयो भने त्यसलाई मलजल गरेर भर्दै जान सकिन्छ । तर पूर्ण रूपमा रित्तिसकेको छ भने पुनः रोप्नुपर्ने अवस्था आउँछ, त्यसलाई कपाल प्रत्यारोपण भनिन्छ ।

कपाल प्रत्यारोपण गर्दा टाउकोको भूमरीभन्दा पछाडिको भागको कपाललाई अगाडि ल्याएर रोप्ने गरिने डा. घिमिरे बताउँछन् । कपाल प्रत्यारोपण गर्दा टाउकोको पछाडिपट्टिको भागको कपाल जसलाई 'एन्ड्रोजेनइन सेन्सेटिभ एरिया' भनिन्छ । त्यही भागको कपाल निकालेर कपाल झरेको भागमा एक-एकवटा ग्राफ्ट प्रत्यारोपण अर्थात् रोप्ने काम गरिन्छ । सर्जरीको माध्यमबाट कपाल प्रत्यारोपण गर्दा मानिसलाई बेहोस बनाउनु नपर्ने डा. घिमिरे बताउँछन् ।

कपाल निकाल्ने र प्रत्यारोपण गर्ने भागमा अस्थायी एनेस्थेसिया दिएर प्रत्यारोपण गर्न सकिन्छ । यसरी रोपेको कपाल दुईदेखि तीन हप्ता पछाडि झर्छ । तर १० देखि १६ हप्ताको बीचमा कपाल अझ बाक्लो भएर उम्रिन्छ । दुई हजारवटा ग्राफ्ट कपाल प्रत्यारोपण गर्न ६ देखि ८ घण्टाको समय लाग्छ ।

कपाल प्रत्यारोपण गर्दा निधारको साइडबाट सामान्य रूपमा झरेको कपाल रोप्न ५०-६० हजार रूपैयाँ लाग्ने डा. घिमिरे बताउँछन् । भूमरीभन्दा पछाडिसम्म झरेको कपाल रोप्नु परेमा भने साढे ३ लाख रूपैयाँसम्म पर्छ ।

# सुर्तीजन्यको लत छुटाउन 'क्वीट टोबाका' एप

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) मानिसमा चुरोट तथा सुर्तीजन्य पदार्थको लत त्याग्न मद्धत गर्ने नयाँ 'एप' लन्च गरेको छ । 'क्वीट टोबाको' नामक सो एपको प्रयोगले धूमपान र धूमपानरहित सुर्तीजन्य पदार्थको लत लागेका व्यक्तिहरूलाई सो लत त्याग्न मद्धत पुग्ने जनाइएको छ ।

'सुर्तीजन्य पदार्थको सेवन घातक छ । मानिसले सुर्तीजन्य पदार्थले गर्ने हानीका बारेमा थाहा पाएर पनि त्याग्न सकिरहेका छैनन् । यो एपले त्यस्ता व्यक्तिहरूलाई लतबाट छुटकारा दिलाउन मद्दत गर्नेछ । त्यसैले यो एप शुभारम्भ गरेका छौँ,' एप सार्वजनिकीकरण कार्यक्रममा डब्लुएचओको दक्षिणपूर्वी एसियाका निर्देशक डा पुनम क्षेत्रपाल सिंहले भनिन् ।

डब्लुएचओले यसवर्ष सुरू गरेको 'कमिट टू क्वीट" अभियानकै सन्दर्भ पारेर यो 'एप' सार्वजनिक गरेको हो । सुर्तीजन्य पदार्थ लक्षित यो 'एप'ले सुर्तीजन्य पदार्थ प्रयोगकर्ताहरूको पहिचान गर्न उनीहरूको लक्ष्य निर्धारण गर्न, यसप्रतिको मोह व्यवस्थापन गरी सुर्तीजन्य पदार्थ छोड्नका लागि ध्यान केन्द्रीत गराउने दावी गरिएको छ । सूर्तीजन्य पदार्थको सेवनले संसारभर हरेकवर्ष ८० लाख बढी व्यक्तिले ज्यान गुमाउने गरेका छन् ।

सुर्तीजन्य पदार्थ नसर्ने रोगको प्रमुख कारक तत्व मानिन्छ । क्यान्सर, हृदयघात, मधुमेह जस्ता नसर्ने रोग प्रमुख कारक सुर्तीजन्य पदार्थ हो । यस्तै कोभिड-१९ ले पनि सुर्तीजन्य पदार्थ प्रयोगकर्तालाई अन्यलाई भन्दा बढी असर गरेको पाइएको छ । पछिल्लो समय इलेक्ट्रोनिक सिगरेट, सिसा तथा हुक्का जस्ता नयाँ नयाँ सुर्तीजन्य पदार्थको प्रडक्ट थपिएका कारण यसलाई निन्त्रण गर्न थप चुनौती थपिएको डब्लुएचओले उल्लेख गरेको छ ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# सरकारसँग अनुमति नलिई आफूखुसी क्यालेण्डर निकाले कारबाही



सरकारले आफूखुसी क्यालेण्डर छापेर बजारमा पठाउनेहरूलाई कडाइ गरेको छ । क्यालेण्डर तथा पात्रोको नियमन गर्ने अधिकार पाएको पञ्चांग निर्णायक विकास समितिले स्वीकृति नलिई आगामी वर्षको लागि बजारमा क्यालेण्डर पठाउनेमाथि कडाइ गरेको हो ।

पञ्चांग निर्णायक विकास समिति गठन आदेश, २०७७ ले दिएको अधिकार प्रयोग गरी क्यालेण्डरमाथि कडाइ गरिएको समितिका सदस्यसचिव सूर्यप्रसाद ढुंगेलले जानकारी दिए । बजार मा आफूखुसी क्यालेण्डर छापेर बेच्दा सार्वजनिक बिदा र अन्य सूचनामा समेत एकरूपता आउन छाडेपछि यसमा कडाइ गर्न लागिएको ढुंगेलले जानकारी दिए । ढुंगेलका अनुसार अहिले बजारमा स्वीकृति विपरीत छापिएका क्यालेण्डर जफत गरेर कारबाही गर्नका लागि समितिले अनुगमन सुरू गरिसकेको छ । बजारमा स्वीकृति विपरीतका क्यालेण्डर भेटिए जफत गर्ने र मन्त्रालयको निर्णयअनुसार कारबाही प्रक्रिया अघि बढाउन लागिएको ढुंगेलले जानकारी दिए ।

क्यालेण्डर छाप्नुपूर्व स्वीकृति लिनको लागि समितिले शुल्क तोकेको छ । जसमा मूल्यसूची नराखी आन्तरिक प्रयोजनको लागि छापिएको लागि ५ हजार रूपैयाँ र मूल्य राखेर बजारमा पठाउने क्यालेण्डर को लागि स्वीकृतिबापत १० हजार रूपैयाँ शुल्क तोकिएको ढुंगेलले जानकारी दिए ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# हटियामा माटो प्रयोगशाला स्थापना



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले वडा नम्बर-१६ हटियामा माटो परीक्षण प्रयोगशाला स्थापना गरेर संचालनमा ल्याएको छ। माटो परिक्षण प्रयोगशालाको उपमहानगरपालिका मेयर हरि बहादुर महतले उद्घाटन् गरे। कार्यक्रममा मेयर महतले किसानहरूको जहजताका लागि माटो परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याइएको बताए ।

तरकारी तथा अन्नबालीको खेती गर्नका लागि पहिले माटो परिक्षण गरेर के उब्जनी हुनका लागि माटो उपयुक्त छ त्यसैको खेतीगर्नका लागि प्रयोगशाला उपयोगि हुने मेयर महतले बताउनुभयो । उपमहानगरको एक मात्र माटो परिक्षण प्रयोगशालामा किसानहरूले आफ्नो खेत बारीको माटो परिक्षण गर्न सक्ने मेयर महतले बताए ।

प्रयोगशालामा पहिलो चरणमा पाँच लाख बराबरको प्राविधिक सामाग्रीहरू एवं आवश्यक केमिकलजन्य सामाग्री खरिद गरि माटो परिक्षणको लागि एक प्राविधिकको व्यवस्था समेत गरिएको मेयर महतले बताए । वडाअध्यक्ष रामकृष्ण कोईरालाको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी लगायतको आतिथ्यता रहेको थियो ।

# कोदो र फापरको परिकारलाई प्राथमिकता दिदै मकवानपुरगढी

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकामा कोदो र फापरबाट बन्ने परिकारलाई स्थानीय सरकारले प्रसय दिएको छ । गाउँपालिका क्षेत्रत्रिका होटल तथा रेष्टुरेन्टहरूमा कोदो र फापरले बनेका परिकार स्थानीयलाई खुवाउनका लागि गाउँपालिका लागिपरेको छ । स्थानीय स्तरमानै उब्जनी हुने कोदो र फापरका परिकार बनाएर बिक्री गर्नेहरूलाई तालिम समेत दिएर काममा लगाउन लागिएको हो ।

मकवानपुरगढीका सबै वडाहरूमा कोदो र फापरको राम्रो उब्जनी हुन्छ । यसलाई प्राथमिकताका साथ गाउँपालिकाले पनि अनुदानको व्यवस्था गरेको छ । यसैगरी मकवानपुरगढी गाउँपालिका कृषि विकास शाखाको आयोजनामा माघ २७ गते देखि सचालित रैथाने बाली कोदो र फापरको परिकार बनाउने तालिम आज एक समारोहका बीच सम्पन्न भएको छ ।



स्थानीय उत्पादन प्रवर्द्धन, विविधिकरण र व्यवसायीकरण गर्न उदेश्यले सरूचालन गरिएको तालिममा सवै वडाको प्रतनिधित्व हुने गरि होमस्टे, होटल, खाजा घरका सचालक एवम् कृषि प्राविधिक गरि २२ जनाको सहभागिता रहेको थियो । तालिममा कोदो र फापर को विभिन्न परिकारहरू मम, पिज्जा, दुनोट, हलुवा, निमकिन, बिस्कुट पाउरोटी, महफिन, प्यान केक, कप केक, बटर केक, बाल आहार, लिटो लगायतका परिकारहरू बनाउन सिकाइएको छ ।

नेपाल कृषि अनुसन्धान परिषदका खाद्य वैज्ञानिक प्रविण ओझाले परिकार बनाउन सहजीकरण गर्नुभएको थियो भने बाली विकास तथा जैविक विवधता सरक्षण केन्द्रका प्रमुख सहसचिव डा. रामकृष्ण श्रेष्ठले रैथाने बालीको महत्व र उपयोगिताको विषयमा सहजीकरण गरेका थिए ।

गाउँपालिका अध्यक्ष बिदुर हुमागाईको अध्यक्षतामा तालिम कार्यक्रम समापन गरिएको हो । समापन समारोहमा प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनी, मुख्य प्रशिक्षक प्रविण ओझा, ३ नम्बरका वडाध्यक्ष भागवत घिमिरे, कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरी, मनकामना दुग्ध सहकारीका अध्यक्ष अर्जुन प्रसाद दाहाल लगायतका उपस्थिति रहेको थियो ।

# बालमैत्री पालिकामा १४७ बालश्रमिक

◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिका नेपालकै दोस्रो बालमैत्री गाउँपालिका हो । गाउँपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन गरेको पहिलो बार्षिकउत्सव मनाएको छ । तर, बालमैत्री गाउँपालिकाका बालबालिकाहरू अझै विभिन्न कारणले बालअधिकारबाट वञ्चित छन् ।

बालमैत्री बकैया गाउँपालिकामै बालबालिका श्रममा रहेको पाइएको छ । विगत तीन बर्षदेखि बालअधिकारको क्षेत्रमा कार्यरत ग्रामीण महिला स्वाबलम्बन संस्थाले अध्ययन गर्दा बालबालिका श्रममा रहेको पाइएको हो । ग्रामीण महिला स्वाबलम्बनले बकैया गाउँपालिकाको सबै वडामा गरिएको अध्ययनमा अधिकांश वडाका बालबालिका श्रममा आवद्ध भएको पाइएको संस्थाका कार्यक्रम ब्यवस्थापक सोमबहादुर स्याङ्तानले बताए । उनका अनुसार गाउँपालिकामा १ सय ४७ जना बालबालिका श्रममा प्रयोग भएका छन् । संस्थाले ६ महिना अगाडि तयार पारेको आँकडा अनुसार ८० जना




बालबालिका काठमाडौं, ललितपुर, भक्तपुर, धादिङलगायत जिल्लामा गलैंचा कारखाना र इटा भट्टामा श्रमिकको रूपमा कार्यरत रहेका छन् । त्यस्तै होटल, सहचालक, ग्यारेजलगायत क्षेत्रमा ६७ जना बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ ।

परिवार, आफन्त, साथीभाइको लहैलहैमा र परिवारको आर्थिक स्थितिको कारण बालबालिका श्रममा जान बाध्य भएको पाइएको संस्थाले जनाएको छ । गलैंचा कारखाना र इटा भट्टामा काम गर्न बालबालिका गरिबीको कारण परिवार, आफन्तसँग गएको पाईएको संस्थाको प्रतिवेदनमा उल्लेख छ । १४ बर्षदेखि १८ बर्षका मुनिका धेरै रहेको र उनीहरू अहिले पनि श्रमिककै रूपमा काम गरिहेको जनाइएको छ ।

बार्षिकउत्सवको तयारीसँगै बालबालिकाको हकअधिकारलाई पनि विशेष ध्यान दिनुपर्ने विश्लेषकहरू बताउँछन् । बालबालिकालाई अधिकार दिलाउन अविभाबकसँगै सरकारको पनि दायित्व भएकोले त्यसतर्फ जनप्रतिनिधि सहजक हुनुपर्ने जानाकारहरू बताउँछन् ।

बालमैत्री गाउँपालिका घोषणा गर्न ३९ ओटा सूचकहरू पूरा भएको हुनुपर्दछ । मापदण्डमा १७ ओटा सूचक १०० प्रतिशत हाँसिल गर्नुपर्छ । जसमा २२ वटा सूचक न्युनतम ८० प्रतिशत हाँसिल हुनुपर्ने हुन्छ । त्यो सबै मापदण्ड पुरा गरेको भन्दै गाउँपालिकाले एक बर्ष अघि माघ २९ गते बृहत कार्यक्रम आयोजना गरी बालमैत्री गाउँपालिका घोषणा गरेको थियो ।

साविक धियाल, छतिवन, ठिङ्गन, मन्थली र शिखरपुर गाविस समाबेश गरी निर्मित बकैया गाउँपालिकामा १२ वटा वडा छन् । बालमैत्री घोषणा पुर्वआयोजित पत्रकार सम्मेलनमा दिएको आंकडा अनुसार गाउँपालिकामा ४६ हजार २४८ कुल जनसंख्या रहेकोमा पुरूष २३ हजार ८४५, महिला २२ हजार ४०३ रहेका थिए । गाउँपालिकामा बालक ९ हजार ४२८ र बालिका ८ हजार ३२ रहेको गाउँपालिकाले जनाएको छ । केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार बकैया मकवानपुरको तेस्रो ठुलो जनसंख्या भएको स्थानीय तह हो । गाउँपालिका हालको जनसंख्या ४० हजार ६७१ रहेको तथ्याङ्कमा उल्लेख छ ।

# खेल क्यालेण्डर सार्वजनिक

◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकट नेपाल खेलकुद महासंघ मकवानपुरले एक वर्षभरी गर्ने आफ्नो वार्षिक खेल गतिविधिको क्यालेण्डर सार्वजनिक गरेको छ ।

न्युज क्लब नेपाल हेटौंसडामा पत्रकार सम्मेलनको आयोजना गरि वार्षिक क्यालेण्डर सार्वजनिक गरेको हो। पत्रकार सम्मेलन मार्फत नेपाल खेलकुद महासंघ मकवानपुरका अध्यक्ष सविन मोक्तानले वार्षिक कार्यक्रम सार्वजनिक गरेको हो ।

तालिक अनुसार यो वर्षको कार्यक्रममा फागुन २४ गते नारी दिवसको अवसमार महिलाहरूको 'समानताको लागि दौड' नामक ५ किलोमिटर दौडको आयोजना गर्ने भएको छ । चैत्र १० देखि १२ गतेसम्म राष्ट्रिय बुद्धिचाल प्रतियोगिता, चैत्र १७ देखि १९सम्म सेभेन एसाईड फुटबल प्रतियोगिता गर्ने, चैत्र २४ देखि २६ गतेसम्म अन्तरपालिका स्तरीय भलिवल प्रतियोगिता, चैत्र २९ गते प्लेयर अफ दि इएर घोषणा र पत्रकारलाई पुरस्कार दिने कार्यक्रम रहेको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# नेवि संघ थाहा बहुप्राविधिक शिक्षालयको सभापतिमा बटाला



◆ विकास संवाददाता

नेपाली काङ्ग्रेस निकट विद्यार्थी संगठन नेपाल विद्यार्थी संघ ले थाहा नगरपालिका–९ चित्लाङमा रहेको थाहा बहुप्राविधिक शिक्षालयमा नेपाल विद्यार्थी संघको इकाइ कमिटी गठन गरेको छ ।

नेपाली काङ्ग्रेस थाहानगरका सभापति प्रमोद कृष्ण जोशीको विशेष आतिथ्यतामा सम्पन्न भेलामा नेपाल विद्यार्थी संघका पुर्व केन्द्रिय सदस्य तथा महाधिवेशन प्रतिनिधि चन्द्र सुन्दर खेवाङ, राज थेवे, सुमन पाण्डे नेपाल विद्यार्थी संघका नेता दिपशन अधिकारी, थाहा ९ का पुर्व सभापति निर्मल बलामी, थाहा–९ का नेपाली काङ्ग्रेस उपसभापति प्रेमलाल गमाललगायतका उपस्थिति रहेको थियो ।

कार्यक्रममा भरत बटालाको सभापतित्वमा ३५ सदस्यीय कमिटी गठन गरिएको छ । कमिटिको वरिष्ठ उपसभापतिमा गणेश बडाल, अनिल थापा, उपसभापति नरेन्द्र बराल, सुमन काफ्ले, सचिव कमल उपाध्याय, कर्मा लामा, सहसचिव अञ्जना भोम्जन, टिकाराम केसी, उत्तम उपाध्याय, मेघराज भण्डारी र कोषाध्यक्ष रमिता ठगुन्ना रहेकी छिन् ।

# बागमती प्रदेशमा अनलाइनबाटै सवारीचालक अनुमतिपत्र

◆ विकास संवाददाता

अब बागमती प्रदेशमा अनलाइनबाटै सवारीचालक अनुमतिपत्र (लाइसेन्स)को नवीकरण गर्न बाटो खुलेको छ । बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले डिजिटल वालेट कम्पनी ई–सेवा र खल्तीलाई स्वीकृति प्रदान गरेसँगै त्यसको आधार तयार भएको हो ।

यसै आधारमा बागमती प्रदेशमा नागरिक एप तथा वेबसाइटबाट ब्लुबुक नवीकरण गर्न सकिने सेवा सुरू गरेको हो । तर, लाइसेन्स नवीकरणका लागि आवश्यक सफ्टवेयर सिस्टम तयार नभइसकेकाले त्यसका लागि थप समय लाग्ने बताइएको छ ।

नागरिक एपले अनलाइनबाट वागमती प्रदेशबाट जारी सवारीचालक अनुमतिपत्र नवीकरण गर्न सकिने गरी सिस्टम डेभलपमेन्टको काम सुरू भइसकेको जनाएको छ । मन्त्रालयले बिहीबार अनलाइन प्रणालीबाट राजस्व संकलन गर्ने विषयमा पत्राचार गरेको छ । वागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले यसका लागि श्रम मन्त्रालयलाई सहमति दिएको थियो । यातायात व्यवस्था सेवा कार्यालय र




यातायात व्यवस्था कार्यालयले सवारी चालक अनुमतिपत्रहरूबाट यातायात क्षेत्रको राजस्व संकलन गर्न ग्लोबल आईएमई बैंक र राष्ट्रिय वाणिज्य बैंकसङ्ग सम्झौता गरिएको छ ।

ती बैंकबाट राजस्व हिसाब मिलान गर्ने गरी ई–सेवा (फोन पे प्रालि) र खल्ती (स्प्यारो पे प्रालि) को मोबाइल वालेटलाई यातायात व्यवस्थापन सूचना प्रणाली (टीएमआईएस) मा आवद्ध गरिएको हो । लाइसेन्स नवीकरण सुविधा आउन केही समय लाग्ने भए पनि नागरिक एपमै आफ्नो सवारीचालक अनुमतिपत्र लिङ्क गर्न सकिने सुविधा भने आगामी अपडेटमा उपलब्ध गराइने बताइएको छ ।

यससँगै लाइसेन्सलाई पनि हाल राहदानी, नागरिकता र मतदाता परिचयपत्रलाई नागरिक एपमा खाता खोल्ने आधारभूत कागजात सरहको मान्यता दिने विषयमा समेत गृहकार्य भइरहेको सञ्चार मन्त्रालयले जनाएको छ ।

# वैशाख ९ बाट एसइई परीक्षा



◆ विकास संवाददाता

माध्यामिक शिक्षा परीक्षा (एसईई) वैशाख ९ गतेदेखि हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डको बैठकले एसईई वैशाख ९ गतेदेखि २० गतेसम्म सञ्चालन गर्ने निर्णय गरेको हो ।

स्थानीय चुनावको मितिसँग एसईईको तालिका नजुधोस् भनेर निर्वाचनको मिति तोकिएपछि मात्रै एसईईको समयतालिका निर्धारण गरिएको बोर्डका अध्यक्ष महाश्रम शर्माले बताए ।

बोर्डले विद्यार्थीलाई दुई महिना पढ्ने समय दिएर परीक्षाको समयतालिका सार्वजनिक गरेको जनाएको छ ।

# नेपाल महिला संघ थाहानगर गठन



◆ विकास संवाददाता

नेपाली काङ्ग्रेस निकट महिला संगठन नेपाल महिला संघ थाहा नगर गठन भएको छ । थाहा नगरपालिका वडा नम्बर ३ गोपाली भएको भेलाले सन्जिता गोपालीको अध्यक्षतामा २७ सदस्यीय कमिटी गठन गरिएको हो ।

समितिको सचिवमा नबिना गोपाली कोषाध्यक्ष नम्रता गोपाली, रहेका छन । गोपाली गाउँको गणेश मन्दिर परिसरमा भएको कार्यक्रममा नेपाली काङ्ग्रेस क्षेत्रीय प्रतिनिधि रिता कठायत गोपाली, बागमती प्रदेश क (१) का उपसभापति इश्वरी सिंह ठकुरी लगायतका उपस्थिति रहेको थियो ।

कार्यत्रमा अतिथीहरूले समितिको नेतृत्व गर्ने तथा समितिमा रहेका पदाअधिकारीहरूलाई शुभकामना दिएका थिए । नेपाली काँग्रेसले थाहानगरमा आफ्नो राजनीतिक क्रियाकलापलाई तिव्रता दिने क्रममा नेपाल महिला संघको गठन गरिएको बागमती प्रदेश क (१) का उपसभापति इश्वरी सिंह ठकुरीले बताइन । उनले अब थप अन्य राजनीतिक कार्यक्रमहरू पनि संचालन हुने प्रतिक्रिया दिइन् ।

# जेष्ठ नागरिकलाई न्यानो कपडा



◆ विकास संवाददाता

रोटरी क्लब अफ काठमाडौ वेस्ट र रोटरी स्याटेलाइट क्लब अफ काठमाडौ वेस्ट टिस्टुङको आयोजनामा थाहा नगरपालिका वडा नं ६ टिस्टुङ बज्रबाराहिका जेष्ठ नागरिकहरूलाई सिरक वितरण गरिएको छ ।

रोटरियन स्याटेलाइट प्रेसिडेन्ट बिक्रम जोशी, पास्ट प्रेसिडेन्ट राजेन्द्र भक्त श्रेष्ठ, रोटरियनहरू सुरेन्द्र राज जोशी, प्रमोद कृष्ण जोशी, हरिगोपाल श्रेष्ठ, महेश्वर महर्जन, कल्पना रूम्बा ठकुरी र रोटरी क्लब अफ काठमाडौं वेष्टको सहयोगमा सिरक बितरण गरिएको थियो ।

एकल महिला, अपाङ्गता भएका र दलित जातीको लागि पनि माग भएकोले यसबारेमा पनि तत्काल के गर्ने भन्ने बारेमा रोटरियनहरूको छलफल गरी आवश्यक सहयोग गर्ने पास्ट प्रेसिडेन्टले राजेन्द्र भक्त श्रेष्ठ प्रतिबद्धता व्यक्त गरेका छन् ।








**मानवीय लापरबाही नै कोभिड संक्रमणको मुख्य कारण हो । सानो असावधानीले पनि महामारीको रूप लिन सक्दछ। कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरुवा रोग कसैका लागि ज्यान लिने कारण बन्न सक्दछ । त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका










● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी